**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख १९ गते**

प्रदेश १ मा वैशाख १९ गतेसम्म कोरोना शङ्कास्पद १ हजार ३ सय ४२ जनाको स्वाब सङ्कलन गरिएको छ । वैशाख १९ गतेसम्म ३ सय १९ जना महिला र १ हजार २३ जना पुरूषको नमूना सङ्कलन गरिएको छ । नमूना सङ्कलन गरिएकामध्ये दुई जना महिला र २९ जना पुरूषको रिपोर्ट पोजेटिभ आएको छ । कोरोना परीक्षण गरिएका मध्ये ३ सय १५ जना महिला र ९ सय ८४ जना पुरूष गरी १ हजार २ सय ९९ जनाको रिपोर्ट नेगेटिभ आएको छ । शङ्कास्पद व्यक्तिको नमूना सङ्कलन गरिएका मध्ये १२ जनाको रिपोर्ट आउन बाँकी रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । आरडीटी विधिबाट वैशाख १९ गतेसम्म ५ हजार २ सय ८२ जनाको एण्टीवडी परीक्षण गरिएको छ । परीक्षण गरिएका मध्ये १५ जनाको रिपोर्ट पोजेटिभ आएको छ । परीक्षण गरिएका मध्ये ८ सय ७८ जना महिला र ४ हजार ३ सय ८९ जना पुरूष गरी ५ हजार २ सय ६७ जनाको रिपोर्ट नेगेटिभ आएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । प्रदेश १ मा वैशाख १९ गतेसम्म ५ हजार ७ सय ३ जना क्षमताको क्वारेन्टाइन निर्माण गरिएको छ । वैशाख १९ गते मात्रै ४० ओटा वेड थपिएको छ । क्वारेन्टाइनमा ४ सय ९० जना महिला र १ हजार ८ सय ३१ जना पुरूष गरी २ हजार ३ सय २१ जना बसेका छन् । वैशाख १९ गते ४३ जना डिस्चार्ज भएका छन् । होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ६ हजार ६ सय १३ जना पुगेको छ । होम क्वारेन्टाइनमा १ हजार २ सय ३० जना महिला र ५ हजार ३ सय ८३ जना पुरूष बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । प्रदेश १ मा वैशाख १९ गतेसम्म आईसोलेशनमा बस्नेको सङ्ख्या ३४ जना रहेको छ । व्यक्तिगत सुरक्षा उपकरण (पीपीइ) १ हजार ९ थान वितरण गरिएको छ ।

प्रदेश १ मा कोरोना भाइरस शङ्कास्पद तीन सय बढीको स्वाब परीक्षण हुने भएको छ । प्रदेश सरकारले कोरोना परीक्षणका लागि थप ल्याब सञ्चालन गरेसँगै दैनिक तीन सय बढीको परीक्षण गर्न सकिने भएको सामाजिक विकास मन्त्री जीवन घिमिरेले बताउनुभयो । प्रदेश सरकारले कोरोना परीक्षणको मात्रा बढाउँदै लगेको उहाँले बताउनुभयो । विराटनगरको पशुपंक्षी रोग अन्वेषण प्रयोगशालामा कोरोना भाइरस शङ्कास्पद व्यक्तिको स्वाब परीक्षण शुरू गरिएपछि मन्त्री घिमिरेले वैशाख १९ गते निरीक्षण गर्नुभएको छ । प्रयोगशालामा वैशाख १९ गतेदेखि स्वाब परीक्षण शुरू भएको छ । प्रदेश सरकारले वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको पनि क्षमता विस्तार गरेको छ । धरानमा एक सय बढी र कोशी अस्पतालमा दुई सय जना सम्मको परीक्षण गर्न सकिने मन्त्री घिमिरेले बताउनुभयो । सो ल्याबमा कोरोना पोजेटिभ रिपोर्ट आएमा पुनः परीक्षण कोशी अस्पतालमा गरिने प्रदेश १ जनस्वास्थ्य प्रयोशालाका निर्देशक जयबेन्द्र यादवले बताउनुभयो । सो ल्यावबाट यसअघि वर्डफ्ल्यु, स्वाईनफ्ल्यु, एन्थ्रेक्सको परीक्षण हुँदै आएको उहाँले बताउनुभयो । प्रदेश सरकारले पीसीआर मेसिन र किट उपलब्ध गराएपछि पशुपंक्षी रोग अन्वेषण प्रयोगशालाबाट स्वाब परीक्षण शुरू गरिएको यादवले बताउनुभयो ।

कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा उपचाररत बिरामीका लागि आयुर्वेद औषधि व्यवसायी सङ्घ नेपालले प्रदेश सरकारलाई औषधि हस्तान्तरण गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना सङ्क्रमितको रोग प्रतिरोधात्मक क्षमता बढाउनका लागि सिफारिस गरेका चार प्रकारका औषधि व्यवसायी सङ्घले सामाजिक विकास मन्त्री जीवन घिमिरेलाई वैशाख १९ गते हस्तान्तरण गरेको हो ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार मोरङ जिल्लामा क्वारेन्टाइनमा बस्नेको सङ्ख्या दुई सय १५ जना पुगेको छ । एक सय ९१ जना पुरुष र २४ जना महिला क्वारेन्टाइनमा

बसेका छन् । मोरङका दश स्थानमा दुई सय ७५ वेडको क्वारेन्टाइन निर्माण गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी मानबहादुर राईले बताउनुभयो । कोशी अस्पताल कोभिड-१९ अस्पतालमा ३१ जना कोरोना सङ्क्रमितको उपचार भईरहेको छ । उपचाररत ३१ जना मध्ये १३ जनाको दोश्रो चरणको स्वाब लिने काम शुरू गरिएको छ । उनीहरूको रिपोर्ट दुई पटक नेगेटिभ आए डिस्चार्ज गरिने अस्पतालका डा. डेनप्रसाद आचार्यले बताउनुभयो । दोश्रो चरणको रिपोर्ट वैशाख २० गते आउने उहाँले बताउनुभयो ।

उदयपुर घर भएकै कारण अपरेशन थिएटरबाट बिरामी निकाल्ने विराटनगरस्थित नोबेल मेडिकल कलेजमाथि कारबाहीको माग गर्दै बिरामीका आफन्तले उजुरी दिएका छन् । प्रसुति शल्यक्रियाको लागि भर्ना हुनुभएकी उदयपुरको त्रियुगा-११ की सरस्वती रौनियारलाई वैशाख १७ गते अप्रेशन थिएटरबाट निकालेर कोशी अस्पताल रेफर गर्ने नोबेलमाथि कारबाही गर्न उहाँका पति प्रकाश गुप्ताले वैशाख १९ गते राष्ट्रिय मानवअधिकार आयोग प्रदेश १ कार्यालय विराटनगरमा उजुरी दिनुभएको हो । प्रसुति व्यथा लागेपछि वैशाख १६ गते नोबेलमा भर्ना हुनु भएकी सरस्वतीको वैशाख १७ गते बिहान शल्यक्रिया गर्ने समयमा उदयपुर घर भएको बुझेपछि नोबेलका चिकित्सकले शल्यक्रिया कक्षबाटै बाहिर निकालेर कोशी अस्पताल रेफर गरेका थिए । रेफरको कागजमा उदयपुर घर भएको कारण रेफर गरिएको लेखिएको छ । नोवेल मेडिकल कलेजले गर्भवतीलाई निकालेको घटनाबारे सरकारले छानबिन र कारबाही गर्ने भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा.विकास देवकोटाले घटनाबारे सरकारले सत्य तथ्य बुझ्ने बताउनुभएको छ ।

भाँचिएको हातको शल्यक्रियाका लागि वैशाख १८ गते नोवेल मेडिकल कलेज विराटनगर भर्ना भएका १६ वर्षीय भीमबहादुर कार्कीले अस्पतालमा वैशाख १९ गते उपचार नगरी अस्पतालमा फिर्ता पठाएको छ । उपचारका लागि ३२ हजार रुपियाँ तिरेर वैशाख १९ गते भाँचिएको हातको शल्यक्रिया तय भएका उदयपुर त्रियुगा नगरपालिका-६ घनचक्रेका भीमबहादुर खत्रीलाई अस्पतालले अप्रेशन थिएटरबाटै फिर्ता पठाएको छ । अस्पतालले उदयपुर भए भएकै कारण उपचार नगरेको पीडितको भनाइ छ ।

ज्वरो आएको कारण विराटनगरका अस्पतालले भर्ना लिन नमान्दा सुनसरीको देवानगञ्ज गाँउपालिका-१ का २७ वर्षीय रविन्द्र यादवको वैशाख १९ गते मृत्यु भएको छ । वैशाख १४ गते विराटनगरको कोशी अस्पतामा भर्ना हुनु भएका यादवलाई राख्न भेन्टिलेटर आवश्यक पर्ने भएपछि वैशाख १६ गते साँझ अन्यत्र रेफर गरिएको थियो । मिर्गौला र कलेजोमा समस्या देखिएपछि भेन्टिलेटर चाहिने भएकोले अन्यत्र रेफर गरेको कोशी अस्पतालले जनाएको छ । कोशीबाट रेफर भएपछि भेन्टिलेटर भएको अस्पताल खोज्दै वैशाख १७ गते साँझदेखि वैशाख १८ गते दिउँसोसम्म आफन्तले विराटनगरका अस्पताल चहारेका थिए । तर, रविन्द्रलाई ज्वरो आएकोले विराटनगरस्थित कुनै पनि अस्पतालले भर्ना नगरेपछि अपरान्ह बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो । वैशाख १७ गते साँझ भेन्टिलेटरमा राख्नुपर्ने भएको भन्दै कोशीले रेफर गरेपछि आफन्तले विराटनगरस्थित नोबेल मेडिकल कलेज लगेका थिए । नोबेलले ज्वरो आएको कारण भर्ना नगरेपछि उनीहरू लाइफगार्ड अस्पताल पुगेका थिए । ज्वरो नापेर अस्पतालले गेटबाटै फर्काएपछि बाध्य भएर मध्यरातमा आफन्तले बिरामीलाई घर लगेका थिए । विराटनगरका कुनै पनि अस्पतालले भर्ना नलिएपछि एम्बुलेन्स खोजेर परिवारले रवीन्द्रलाई धरान लगेको थियो । विराटनगरमा उपचार नपाएर एम्बुलेन्समा घुम्दाघुम्दै यादवको मुखबाट रगत निस्कन थालेको थियो । सुनसरी प्रहरीको संयोजनमा वीपी प्रतिष्ठानमा भर्ना हुनु भएका यादव उपचारको क्रममा वैशाख १९ गते मृत्यु भएको प्रहरीले जनाएको छ । झार मार्ने विषादी सेवन गर्नु भएका यादवको विषका कारण मृत्यु भएको घोपाले जनाएको छ ।

**इन्सेक सोलुखुम्बु जिल्ला प्रतिनिधि भोजराज कार्की**का अनुसार हिमालयन ट्रष्ट नेपालले वैशाख १९ गते जिल्लाका स्वास्थ्य संस्थाहरूलाई दश लाख रुपियाँ बराबरको कोरोना सुरक्षा सामग्री प्रदान गरेको छ। स्वास्थ्य सामाग्री जिल्ला अस्पताल फाप्लु, प्राथमिक स्वास्थ्य केन्द्र सल्यान, प्राथमिक स्वास्थ्य केन्द्र सोताङ, सर एडमन्ड हिलारी गाउँघर क्लिनिक बुङ, बेनी स्वास्थ्य चौकी र काँगेल स्वास्थ्य चौकीलाई प्रदान गरिने छ। सोलुदूधकुण्ड नगरपालिका -४ चेवङका ठिले लामा शेर्पाले वैशाख १९ गते ५० घर विपन्न परिवारलाई राहत प्रदान गर्नुभएको छ। खुम्बु पासाङल्हामु गाउँपालिकाले काठमाडौंमा असहज अवस्थामा रहेका जिल्लावासीलाई उद्दार गर्ने भएको छ। जिल्लामा वैशाख १९ गतेसम्म १ सय १६ जनाको कोरोना भाइरस सङ्क्रमण परीक्षण आरडीटी टेष्ट गरिएको छ। टेष्ट गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ। सोलु दूधकुण्ड नगरपालिकामा ४३ जना, माप्य दूधकोशी गाउँपालिकामा १६ जना, खुम्बु पासाङल्हामु गाउँपालिकामा ११ जनाको परीक्षण गरिएको छ। नेचासल्यान गाउँपालिकामा २० जना, थुलुङ दूधकोशी गाउँपालिकामा तीन जना, महाकुलुङ गाउँपालिकामा चार जना, लिखुपिके गाउँपालिकामा चार जना र सोताङ गाउँपालिकामा आठ जनाको परीक्षण गरिएको स्वास्थ्य कार्यालय सोलुखुम्बुले जनाएको छ। खुम्बु पासाङल्हामु गाउँपालिका -२ का वडाध्यक्ष आङफुर्वा शेर्पाले घरभाडा मिनाहा गर्नुभएको छ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार इलाम लाहुरे समाज सिङ्गनपुरले जिल्ला समन्वय समितिलाई ८५ हजार रुपियाँ बराबरको सामग्री सहयोग गरेको छ। वैशाख १९ गते दश थान थर्मल गन जिल्ला समन्वय समितिलाई प्रदान गरिएको छ। वैशाख १९ गते इलामका संस्थागत क्वारेन्टाइनमा २९जना महिलासहित १ सय २८ जना राखिएका छन्। जिल्लामा क्वारेन्टाइनको सङ्ख्या तीन सय ४० बाट बढाएर तीन सय ६० पुर्‍याइएको छ। जिल्लाका होम क्वारेन्टाइनमा एक सय सात जना महिलासहित सात सय १३ जना रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख १९ गते सामाजिक विकास मन्त्रालयले विभिन्न स्वास्थ्य सामग्री सहयोग गरेको छ। मन्त्रालयले जिल्लाका स्वास्थ्य कार्यालय ६ लाख रुपियाँ बराबरको स्वास्थ्य सामग्री सहयोग गरेको सामाजिक विकास मन्त्रालयलका सभापति सरिता थापा खड्काले जानकारी दिनुभयो। जिल्ला स्वास्थ्य कार्यालयलाई तीन सय ६० थान किट,इन्फ्रारेड थर्मोगन तीन थान,पीपीइ सेट ५० थान,एन९५ मास्क ५० थान,क्लोरिन लगायतका स्वास्थ्य सामग्री सहयोग गरेको छ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार खाद्यान्न अभाव भएर समस्यामा परेका व्यक्ति र परिवारलाई खाद्य सामाग्री सहयोग गर्ने कार्यक्रम अन्तरगत 'एकका लागि एक' अभियान मार्फत राहत वितरण कार्यक्रम झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाले कुपन वितरण गरेर शुभारम्भ गर्नु भएको छ। अभियानमा १७ भन्दा बढी संघ संस्थाहरूले ऐक्यवद्धता जनाएका छन्। अभियानमा वैशाख १९ गतेसम्म १२ सय परिवारका लागि राहत जुटेको छ। प्रदेश सरकारले कोरोना सङ्क्रमित फेला परेको बाह्रदशी गाँउपालिकालाई एक सय ५० थान पीपीइ, २८ सय थान सर्जिकल मास्क, ५ सय थान ग्लोब र एक सय ५० थान एन-९५ मास्क उपलब्ध गराएको छ। दमक नगरपालिकाले बजार सडक पेटीमा खेलिएका पसललाई रोक लगाएको छ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार पौवादुङमा गाउँपालिकाले दुई हजार ६ सय परिवारलाई दुई महिनासम्म पुग्ने गरी राहत वितरण गरेको हो । गाउँपालिकाले तीन महिना भन्दा कम समय खान पुग्ने परिवारको पहिचान गरेर ५० केजी चामल, नुन, सावुन लगायतका सामग्री वितरण गरेको छ ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार प्रदेश १ का आर्थिक मामिला तथा योजना मन्त्री इन्द्र आङबोको उपस्थितिमा जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको बैठकले महामारी रोकथाम गर्न उपायहरू अवलम्बन गर्ने निर्णय गरेको छ । साथै केन्द्रले अन्यत्रबाट जिल्ला भित्रिन नदिनका लागि कडाई गर्ने समेत निर्णय गरेको छ ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा कार्यरत प्रतिष्ठान प्रहरी पोस्टका सात जना र एक जना स्वास्थ्यकर्मीको थ्रोट स्वाब लिएकोमा सबैको रिर्पोट नेगेटिभ आएको छ । वैशाख १८ गते सात जना प्रतिष्ठान प्रहरी पोस्टमा कार्यरत प्रहरी र एक जना स्वास्थ्यकर्मीको थ्रोट स्वाब सङ्कलन गरी परीक्षण गरिएको थियो । किराँत समुदायले मौलिक पर्व उभौली यस वर्ष सार्वजनिक स्थलमा नमनाउने जनाएको छ । किराँत समुदायका राई, लिम्बू, याक्खा, सुनुवार लगायत जातिले घरघरमा पुजा मात्र गरेर मनाउने संस्थागत निर्णय गरेको छ । कोरोनाको जोखिम गर्नका लागि भिडभाड नगरी घरघरमै मनाउने निर्णय गरेको किराँत याक्थुङ्ग चुम्लुङ्गका अध्यक्ष योगराज लिम्बूले बताउनु भयो । उभौली पर्व वैशाख २५ गते मनाइदैँछ । इनरूवा नगरपालिकामा सेफ हाउस पुनः सञ्चालनमा आएको छ । इनरूवा नगर क्षेत्रमा लकडाउनको समयमा हुनसक्ने महिला तथा लैङ्गिक हिंसाको घटना र पीडितहरूलाई सुरक्षा दिने गरी वैशाख १२ गतेदेखी सेफ हाउस सञ्चालनमा आएको छ । पहाडी क्षेत्रबाट लुकाईछिपाई रातको समयमा सब्जी ल्याएर बिक्री गर्ने सुनसरीको धरान उपमहानगरापलिका-१ का व्यवसायीको काँटा धरानको अनुगमन समितिले नियन्त्रणमा लिएको छ । कृषि बजार छेउका व्यवसायी दावा शेर्पाले वैशाख १९ गते बिहान पहाडी क्षेत्रबाट सब्जी ल्याएर लुकिछिपी बिक्री गरेको पाइएपछि काँटा नियन्त्रणमा लिइएको हो ।

**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**